चुमनुव्री गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

# चुमनुव्री गाउँसभामा
# अध्यक्ष श्री निमा लामाद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम

चुमनुव्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

विक्रम सम्वत् २०७९ असार १० गते

चुमनुव्री गाउँपालिकाका उपाध्यक्ष ज्यू,
गाउँ सभाका सदस्य ज्यूहरु,

उपस्थित वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिकाका सदस्य ज्यूहरु, राजनीतिक पार्टीका प्रतिनिधि ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, सरकारी तथा गैरसरकारी कार्यालयको प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार एवं उपस्थित सम्पुर्ण महानुभावहरु,

१. सर्वप्रथम स्थानीय तहको निर्वाचनमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज लगायत मलाई अमुल्य मत दिई जनताको सेवा गर्ने अवसर दिनुभएकोमा आम मतदाता सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्दै " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री " को दिर्घकालीन सोचलाई सार्थक तुल्याउन यस नीति तथा कार्यक्रमले थप टेवा पुऱ्याउने विश्वास लिएको छु ।
३. यस गाउँसभालाई सम्बोधन गरिरहँदा राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अध्याँरोबाट जनताका जनप्रतिनिधि मार्फत राज्य संचालन गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउने क्रममा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।संघीयता कार्यान्वयनका लागि गठन भएको स्थानीय सरकारको पहिलो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएका अग्रज जनप्रतिनिधि ज्यूहरुलाई चुमनुव्री गाउँपालिकाको विकास, सेवा प्रवाह लगायतको क्षेत्रमा स्थानीय सरकारको आधारशिला स्थापना गरी " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री " को मूल नारालाई सार्थक तुल्याउन आ - आफ्नो क्षेत्रबाट पुऱ्याउने भएको अमूल्य योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछु ।
४. कोभिड १९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा ज्यान गुमाउने हुने नेपाली लगायत विश्वभरका नागरिकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदन व्यक्त गर्दछु ।चुमनुव्री गाउँपालिकामा रहेका सम्पूर्ण जनतालाई कोभिडको पूर्ण खोपको सुनिश्चिता गरिएको छ। जनताको स्वास्थ्य संवेदनशिलतालाई सर्वोपरी ठानी यस कार्यमा सहयोग गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारी, सरकारी तथा गैरसरकारी संघसंस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।
५. सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको समष्टिगत विकास गर्ने स्पष्ट दृष्टिकोण र "दिगो विकास अनुपम संस्कृति उन्नत पर्यटन समृद्ध चुमनुव्री" को दिर्घकालीन सोच सहित प्रथम पञ्चवर्षीय आवधिक गाउँ विकास योजना तयार गरी आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्ने दिशामा अगाडी बढीरहेको छ ।
६. चुमनुव्री गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरु संक्षिप्त रुपमा पेश गरेको छु ।

- चुमनुव्री गाउँपालिकाको शासन, विकास र सेवा प्रवाहलाई वस्तुनिष्ट, व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको गुरुयोजना निर्माण गरिनेछ ।
- चुमनुव्री गाउँपालिकाको महत्वपूर्ण क्षेत्र चुम उपत्यकाको श्याग्या/अहिंसा ऐतिहासिक शताब्दी महोत्सव सञ्चालन गरिनेछ ।
- चुमनुव्री गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण गरिनेछ ।
- वातावरणमैत्री सांस्कृतिक संरक्षण, गुणस्तरीय शिक्षा लगायतका विविध नागरिकमैत्री सेवा व्यवस्थापनका लागि जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका केन्द्र फिलिम बजार जोड्ने मोटरेबल पुल निर्माण गरी सबै गाउँहरुमा सडक सञ्जाल विस्तार गरिनेछ ।
- चुमनुव्री गाउँपालिकाको सबै सामुदायिक तथा धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गरी विशेष शिक्षा नीति अपनाइनेछ । साथै गाउँपालिकामा शिक्षा समिति गठन गरिनेछ ।
- चुमनुव्री गाउँपालिकाको प्रदुषण नियन्त्रण समन्वय कार्यक्रम अगाडि बढाइनेछ ।
- एक मात्र माध्यामिक विद्यालय वुद्ध मा.वि. लाई तह Upgrade गरी १२ कक्षासम्म पठनपाठनको लागि शिक्षक कर्मचारी दरबन्दी र भौतिक पूर्वाधारहरुको व्यवस्था गरिनेछ ।
- वुद्ध माध्यामिक विद्यालयलाई स्थायी स्वीकृति लिई स्थानीय आवश्यकता अनुसारको प्राविधिक विषयको शिक्षा प्रदान गरिनेछ ।
- भेडा पालन गर्ने वडा नं. ३ को न्याक, पाङसिङ, आदि ठाउँका भेडापालक कृषकलाई उन्नत जातको भेडापालनको लागि आवश्यक सहयोग गरिनेछ ।
- न्याक, विही, प्रोक, चुमचेतमा स्याउ पकेट क्षेत्र सञ्चालन गरी आवश्यक प्राविधिक तथा आर्थिक अनुदान उपलब्ध गराइनेछ ।
- साविक सिर्दिबास गा.वि.स वडा नं. ७ देवल क्षेत्रको पहिरो नियन्त्रणको लागि केन्द्र सरकारसँग पहल गरिने तथा विस्थापित परिवारलाई उनिहरुको सहमतिमा व्यवस्थापन गरिनेछ ।
- युवाहरुलाई विदेश जानबाट रोक्न गाउँमै उद्योगधन्दा, व्यवसाय तथा अन्य रोजगारीका गतिविधिमा संलग्न गराइनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका नापी छुट भएका जग्गा दर्ता तथा अव्यस्थित बसोबास र सुकुम्बासी समस्याको समाधान गर्न पहल गरिनेछ ।
- फिलिम स्वास्थ्य केन्द्रलाई MBBS डाक्टर दरबन्दी र प्राविधिक उपकरण सहितको स्तर वृद्धि गर्न केन्द्रमा पहल गरिनेछ ।
- सातै वटा वडाभित्र रहेको पुरातात्विक, धार्मिक महत्वका वौद्ध गुम्बाहरुको जिर्णोद्धार तथा पुननिर्माण गरी वौद्ध शिक्षा तथा धार्मिक सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरिनेछ ।
- फिलिम बजारदेखि ने दुङ्करचेत हुँदै गणेश हिमाल वेश क्याम्प जाने ट्रेकिङ्ग रुटको सुधार तथा सेल्टरहरुको निर्माण गरिनेछ ।

चुमनुब्री गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

- चुम भ्यालीको चुमचेत हुँदै नुब्री भ्याली विही जोड्ने पर्यटन पदमार्ग निर्माण गरिनेछ ।
- दुर्घटना तथा प्राकृतिक विपत्तिबाट मृत्यु भएका परिवारहरुलाई काजकिरिया खर्चवापत् १०,०००/- सम्म तत्काल उपलब्ध गराइनेछ ।
- वेनिघाट रुइला नाका उत्तर दक्षिण लोकमार्ग यथाशिघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
- सिर्दिबास देखि चुम भ्याली हुँदै ङुइला भन्ज्याङ नाका जोड्ने उत्तर दक्षिण लोकमार्ग निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- गरिब तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा टेवा पुग्ने गरी छात्रावृति उपलब्ध गराउन कोष खडा गरिनेछ ।
- चुम र नुब्री भ्यालीमा Health Assistant दरबन्दी सहितको प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्यकर्मी नियमित बस्ने व्यवस्था गरिनेछ ।
- सुत्केरी तथा इमर्जेन्सी विरामीहरुलाई हेलिकप्टरबाट तत्काल उद्धार गर्न हाल विभिन्न तहमा अनुमति लिनुपर्ने झन्झटिलो समस्याको नीतिगत रुपमै समाधान गरिनेछ र नीतिगत निर्णयसहित गृह मन्त्रालयमा पहल गरिनेछ ।
- चुम र नुब्री तर्फका दुवै नाकाहरु खोली सिमा आरपार व्यापार वृद्धि गर्न चीन सरकारसँग कुटनीतिक पहल गरिनेछ ।
- लार्के पास गर्ने पर्यटकहरुलाई लक्षित गरी प्राथमिक स्वास्थ्य उपाचार पाउने गरी धर्मशालामा सिजनल हेल्थ क्लिनिक टिम गाउँपालिकाबाट खटाइनेछ ।
- सबै आधारभूत विद्यालयहरुमा अनिवार्य अंग्रेजी माध्यमको पढाई सञ्चालन गर्न आवश्यक सहयोग गरी बालबालिका पढाउन वावुआमाले नै गाउँ छाड्ने समस्या समाधान गरिनेछ ।
- यस गाउँपालिकाभित्रका निसिराङ छो, काल ताल, विरेन्द्र तालमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- जडिबुटी खेती गर्ने किसानहरुबाट आवश्यक ज्ञान, सिप, प्रविधि र आर्थिक अनुदान उपलब्ध गराइनेछ।
- जडिवुटी तथा कृषि सहकारी मार्फत जडिवुटी प्रशोधन केन्द्र स्थापना गरी स्थानीय जनताको आयआर्जनमा टेवा पुऱ्याइनेछ ।
- गाउँपालिकाभित्र ठूला जलविद्युत आयोजना यथाशिघ्र निर्माण सूचारु गर्न पहल गरिनेछ र त्यसमा स्थानीय जनताको शेयर सुनिश्चित गराई गरिबी निवारण गरिनेछ ।
- चुमनुब्री गाउँपालिका मनास्लु संरक्षण क्षेत्र प्रवेश गर्ने विदेशी पर्यटकहरुको प्रवेश शुल्क सम्बन्धमा राष्ट्रिय प्राकृतिक संरक्षण कोष र मनास्लु संरक्षण क्षेत्र आयोजनासँग समन्वय तथा परामर्श गरी आवश्यक व्यवस्था गरिनेछ ।

- गाउँपालिकाभित्र विभिन्न प्राकृतिक खानीहरु जस्तै सुन, तामा, सिसा, शिलाजित, ढुङ्गा, वालुवा आदिको नेपाल सरकार खानी विभागसँग समन्वय गरी सम्भाव्यता अध्ययन गरिनेछ ।
- नेपाल सरकार वन मन्त्रालय र मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) सँग समन्वय गरी वन्यजन्तु तथा जैविक विविधता संरक्षण कार्यक्रममा सहयोग गरिनेछ ।
- गाउँपालिका र इलाका प्रशासन कार्यालयको समन्वयमा नागरिकता, जन्मदर्ता लगायतका घुम्ती सेवाहरु प्रवाह गरिनेछ ।
- वाहिरबाट आउने मदिरा, वियर, रक्सी आदिको व्यवस्थापन गरी स्थानीय अन्न र फलफूलबाट उत्पादित लोकल मदिराको ब्रान्डिङ गरी पर्यटकबाट आयआर्जन गर्न नीतिगत पहल गरिनेछ ।
- याक, चौंरीपालन व्यवसायलाई सहयोग गरी छुर्पी तथा चिज उद्योग स्थापना गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा खेलकुद मैदान र कम्पाउन्ड/घेराबार निर्माण गरिनेछ ।
- रुपिनाला पर्यटन पदमार्ग मर्मत एवं सुधार, आवश्यक झोलुङ्गे पुल र सेल्टरको व्यवस्था गरिनेछ ।
- प्रसिद्ध वौद्ध धार्मिक स्थल सेराङ गुम्बा, हिनाङ गुम्बा, ल्हो गुम्बा, सामा गुम्बा, राजिन गुम्बा, मु गुम्बा, गुम्बा लाङटाङलाई वौद्ध दर्शन तथा शिक्षाको केन्द्रको रुपमा प्रवर्द्धन गरिनेछ ।
- सेवा प्रदायक सार्वजनिक निकायहरुको सकेसम्म आफ्नै प्रशासकीय भवनको निर्माणका लागि केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ ।
- इलाका प्रशासन कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, सर्वसुलभ बनाउन आवश्यक प्राविधिक उपकरणहरु जुटाउन पहल गरिनेछ ।
- कृषि, जडिवुटी, पर्यटन, पशुपालन लगायतका आर्थिक विकासका संवाहक क्षेत्रमार्फत आर्थिक क्रान्ति गरिनेछ ।
- अति विपन्न गरिब घरपरिवार पहिचान गरी जीविकोपार्जन सुधार हुने गरी आवश्यक सिप तालिम तथा विउ पुँजी उपलब्ध गराइनेछ ।
- महिला, बालबालिका तथा युवा सशक्तिकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकाभित्रका राजनीतिक दल, नागरिक समाज, वुद्धिजीवीहरुसँग मित्रवत सम्बन्ध कायम राख्दै शासन, विकास र सेवा प्रवाहमा सबै सरोकारवाला पक्षसँग हातेमालो गरी अगाडि बढिनेछ ।
- जैविक तथा सांस्कृतिक खुला संग्रहालयको रुपमा रहेको चुमनुव्री गाउँपालिकालाई जातीय, धार्मिक, भाषिक, सांस्कृतिक एकताको केन्द्रको रुपमा अगाडि बढाइनेछ ।

- गाउँपालिका भित्रका डाक्टर, इन्जिनियर, पर्वतारोही, उच्च पदस्थ राष्ट्रसेवक कर्मचारी, शिक्षाविद, समाजसेवी, सफल व्यवसायी, खेलाडी, कलाकार लगायतका विशिष्ट व्याक्तित्वहरुलाई समय समयमा विशेष सम्मान गर्ने परिपाटी बसाइनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुबाट SEE मा सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई विशेष सम्मान र पुरस्कार प्रदान गरिनेछ ।
- सिर्दिबासमा कृषि विकास बैंक स्थापना गरी स्थानीय किसानहरुलाई सहुलियत ऋण सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।
- प्रत्येक वडामा गाउँघर क्लिनिक सेवा सञ्चालन गरिनेछ ।
- स्थानीय स्रोत साधनको महत्तम उपयोग गरी गाउँपालिकाको राजश्व वृद्धिका लागि आवश्यक कार्यक्रमहरु अगाडि बढाइनेछ ।
- गाउँपालिकाको दिर्घकालिन महत्वको परियोजना तथा गुरुयोजनामा समेटिएका आयोजनाहरु प्राथामिकताका आधारमा कार्यान्वयन गरिँदै लगिनेछ ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त, भ्रष्टचार मुक्त पारदर्शी र जनउत्तरदायी बनाउन शुन्य सहनशिलताको सिद्धान्त अपनाइनेछ ।
- आँगा, सरसिउँ, न्याक र भालुवन जस्ता ओझेलमा परेका गाउँहरुको विकास निर्माण लगायतका सेवा प्रवाह सम्बन्धी कार्यहरुमा विशेष प्राथमिकता दिइनेछ ।
- एक घर एक धारा खानेपानी र एक घर एक शौंचालय कार्यक्रम अगाडि बढाइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालमैत्री शिक्षक सिकाईको अवधारणा अगाडि बढाइनेछ ।
- चुमनुव्री गाउँपालिकाभित्र एक वडा एक गौरवको आयोजना अगाडि बढाइनेछ ।
- चुमनुव्री गाउँपालिका वडा नं. ३, सिर्दिबास, वडा नं. ६, चुमचेत र वडा नं. ७, छेकम्पार जोड्ने नयाँ पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।
- मनास्लु पदमार्गलाई स्तरोन्नति गरिनेछ ।
- चुमनुव्री गाउँपालिका वडा नं ७ स्थित वुद्ध आ.वि. को भवन पुनर्निमाण गरिनेछ ।

७. स्थानीय सरकारले जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न दृढ संकल्पका साथ अगाडि बढिरहने प्रतिवद्धता व्यक्त गर्दै यस गरीमामय सभामा आ.व. २०७९।८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

गाउँसभाका सदस्य ज्यूहरु,

८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, चुमनुव्री गाउँपालिको आवधिक गाउँ विकास योजना, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका मार्गनिर्देशनहरु र परिपत्रहरुलाई आधार मानी प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, कृषि क्षेत्रको आधुनिकीकरण, परम्परागत रुपमा प्रयोग हुँदै आएको रैथाने विउ संरक्षण, पूर्वाधार निर्माण, उद्यमशिलता र रोजगारी बृद्धि, दिगो विकास, प्रभावकारी सेवा प्रवाह, लक्षित वर्गको क्षमता

चुमनुव्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

विकास तथा सशक्तिकरण र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकता राख्दै " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को दिर्घकालीन सोच पुरा गर्नेतर्फ केन्द्रित छ।

चुमनुब्री गाउँपालिकाको समृद्धि र विकासका लागि आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रहरु यहाँहरु माझ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

क्षेत्रगत नीति तथा आधार

आर्थिक विकास क्षेत्र

कृषि

९. परम्परागत रुपमा हुदै आएको कृषि कार्यलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्न स्याउ, दाते ओखर, लसुन, आलु लगायतका विरुवा तथा विउ विजन अनुदानको रुपमा उपलब्ध गराइनेछ । तरकारी तथा फलफुललाई प्लास्टिक टनेलमार्फत खेति गर्ने प्रणालीलाई नमुनाको रुपमा अगाडी बढाइनेछ ।

१०. गाउँपालिकाभित्र रहेका चौरी संरक्षण गरी व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न दुध मिसन कार्यक्रम अन्तर्गत चौरी तथा भेडा संरक्षण कार्यलाई प्रोत्साहित गर्न अनुदान उपलब्ध गराइनेछ ।

११. कुखुरा, बंगुर लगायतका पशुपन्छीहरुको संरक्षण र व्यवसायिकता मार्फत स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न र प्रोत्साहन गर्नका लागि कृषि फर्म अनुदान उपलब्ध गराइनेछ । उत्कृष्ट हुने कृषकलाई प्रोत्साहन स्वरुप उचित पुरस्कारको व्यवस्था समेत गरिनेछ ।

पर्यटन तथा संस्कृति

१२. चुमनुब्री गाउँपालिकामा विश्वको आठौं अग्लो मनास्लु हिमाल, नेपालकै प्रसिद्ध लार्केपास पदमार्ग लगायत विभिन्न हिमाल, चुम र नुब्री उपत्यका, ताल, मौलिक संस्कृति तथा जैविक विविधताको खुल्ला संग्रहालय भएको हुँदा यस गाउँपालिकालाई पर्यटकीय नगरीका रुपमा विकास गर्न र " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को दिर्घकालिन सोचलाई साकार पार्नका लागि संघ, प्रदेश सरकार र विकास साझेदारहरुसँग आवश्यक समन्वय गरी पर्यटन गुरु योजना निर्माणको कार्यलाई अगाडी बढाईनेछ ।

१३. दुधपोखरी, रुपीनाला, कालताल, हिमचुली, पुङगिन गुम्बा, सेराङ गुम्बा, मु गुम्बा लगायतका पर्यटकीय स्थलहरुमा पदमार्गको स्थापना गरी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. विश्वव्यापी मौलिक पहिचान बोकेको चुम श्याग्या शताब्दी महोत्सव यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ, यसका लागि आवश्यक तयारीका साथै प्रचार प्रसार गर्ने कार्यको व्यवस्था मिलाईने छ । हिंसा रहित चुम भ्याली को व्यापक प्रचार प्रसार गरी अहिंसा क्षेत्रको रुपमा चुम उपत्यकालाई विकास गरिनेछ ।

१५. गाउँपालिकाभित्र हुने सबै प्रकारका कुरीति, घरेलु हिंसा, बालविवाह, बहुविवाह, मदिरा सेवन विरुद्धका सम्बन्धमा वडास्तरीय सचेतना तथा समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी कुरीति तथा कुप्रथाको न्यूनीकरण गरिनेछ ।

चुमनुब्री गाउँपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

## उद्योग व्यापार र व्यवसाय

१६. उद्योग व्यवसायको विकास गाउँपालिकाको समृद्धिको प्रमुख आधार हो । आर्थिक क्रियाकलाप, रोजगारी र मुल्य अभिवृद्धिमा उद्योग व्यापार र व्यवसायको प्रमुख भुमिका हुने भएकोले गाउँपालिका भित्र रहेका वेरोजगार युवायुवती र विदेशबाट फर्किएका युवा युवा युवतीहरुलाई स्थानीय लघु उद्योग व्यवसायलाई आधुनिक तवरले सञ्चालन गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. स्थानीय पसलहरुमा मुल्य सूचि राख्ने, कालो बजारी रोक्ने, अति आवश्यकीय वस्तुहरुको अभाव हुन नदिन बजारको नियमित अनुगमन र नियमन गर्ने जस्ता कार्यहरु गरिनेछ ।

१८. महिला उद्यमीबाट सञ्चालन हुने उद्योग व्यवसायलाई विशेष प्रोत्साहन गरिनेछ । स्थानीय उद्योग व्यापार संघको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

## सहकारी तथा वित्तिय सेवा

१९. सहकारी संस्थाहरुको संस्थागत विकासका लागि व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । जडीबुटी, कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणमा सहकारी क्षेत्रको उपयोग गरिनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

२०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्न गाउँपालिका भित्रका सबै विद्यालयहरुमा सुरक्षित घेराबार, खेल मैदान, शुद्ध पिउने पानी, छात्रछात्रा शौचालय र स्वच्छ हरित विद्यालय निर्माण गर्ने कार्यलाई अगाडि बनाईनेछ ।

२१. चुमनुब्री गाउँपालिकाको भौगोलिक विकटतालाई मध्यनजर गर्दै जनसंख्या तथा आवश्यकताका आधारमा विद्यालयबाट टाढा रहेका वस्तीका बालबालिकाहरुलाई शिक्षाको सुलभ पहुँच पुऱ्याउनका लागि प्रारम्भिक बाल विकास कक्षा सञ्चालन अनुमति दिई आवश्यक बालविकास सहजकर्ताको व्यवस्था गरिनेछ । नेपाल सरकारको नीतिअनुरुप बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई तोकिएको तलवमानमा संघीय सरकारले व्यहोर्ने रकमबाहेक थप आवश्यक पर्ने रकम गाउँपालिकाबाट व्यहोर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. गाउँपालिकाको आयोजनामा सबै सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र विद्यालयका प्रधानाध्यापकहरुको संयूक्त रुपमा शैक्षिक कार्यशाला/अन्तरक्रिया कार्यक्रमको आयोजना गरी चुमनुब्री गाउँ शिक्षा नीतिको तर्जुमा गरिनेछ ।

२३. चुमनुब्री गाउँपालिका वडा नं. ३ मा रहेको बुद्ध माध्यामिक विद्यालयको भौतिक पुर्वाधार निर्माण गरी दश जोड दुई अर्थात कक्षा १२ सम्म पठन पाठन सुचारु गर्नको लागि प्रक्रिया अगाडी बढाईनेछ ।

२४. गाउँपालिकाभित्रका बालबालिकाहरुलाई औपचारिक शिक्षा अगाडी मन्टेश्वरी कक्षा सञ्चालन गरी खेल्दै सिक्दै गर्ने गरी औपचारिक शिक्षामा भर्नादर अभिवृद्धि गर्न बाल विकास शिक्षकहरुलाई मन्टेश्वरी तालिम सञ्चालन गरिनेछ ।

२५. सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, व्यवस्थापन, पुनवितरण एवं दरबन्दी सिर्जना विद्यालयको आवश्यकताको आधारमा गरिनेछ । एक विद्यालय एक कम्प्युटर, नियमित विद्यालय अनुगमन, शैक्षिक सामाग्री तथा पाठ्य सामाग्री वितरण तथा शिक्षकहरुलाई कम्प्युटर तथा लेखा तालिम लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२६. गाउँपालिकाको सामुदायिक विद्यालयको भौतिक अवस्था, खानेपानी, शौंचालय आदिको अनुगमन गरी जिर्ण रहेका पूर्वाधारहरुको निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार, र अन्य संघ संस्थाहरुलाई सहयोगका लागि पहल गरिनेछ ।

२७. चुमनुब्री गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिब तथा जेहन्दार एवं आर्थिक रुपले विपन्न, वञ्चितिकरण र वहिष्करणमा रहेका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि उच्च शिक्षा छात्रवृति कोष स्थापना गरिनेछ ।

## स्वास्थ्य तथा पोषण

२८. विभिन्न समयमा फैलिन सक्ने महामारी जन्य रोग तथा समस्याको समाधानको लागि आवश्यक पर्ने औषधी, किट, औजार, उपकरण खरिद तथा दुर्त प्रतिकार्य टोलीलाई सक्रिय बनाईनेछ ।

२९. महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन गर्न प्रोत्साहन रकमको व्यवस्था गर्नुका साथै महिला स्वास्थ्य स्वमसेविका क्षमता विकास तालिमको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३०. निःशुल्क प्रदान गर्ने भनिएका औषधीहरु गाउँपालिकामा कम्तीमा प्राथमिकीकरण गरिएका १० ओटा रोगको लागि पर्याप्त मात्रमा राखी सर्वयाम उपलब्ध गराईनेछ ।

३१. गर्भवती तथा सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य परिक्षण गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई सरकारी सुविधाका अलवा पौष्टिक आहार सहितको पोषिलो झोलाको व्यवस्थालाई निरन्तरता दिइनेछ । प्रसुति गृहमा आएर सुत्केरी भएका महिलाहरुका लागि एक दिन सुत्केरी खानाको व्यवस्था गरिनेछ ।

३२. जेष्ठ नागरिक, असहाय, अपाङ्ग, एकल महिला र विपन्न वर्गको स्वास्थ्य परिक्षणका लागि प्रत्येक वडामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । पाठेघर खस्ने, पाठेघर तथा स्तन क्यान्सर, महिनावारी हुदाँ हुने समस्या लगायतका स्त्रीरोग सम्बन्धी रोग पहिचान र उपचार सम्बन्धी छुटै स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३३. तत्काल उपचार नपाए ज्यान जोखिममा पर्ने जटिल प्रकृतिको सुत्केरी र गम्भीर दुर्घटनामा परेकाको उपचारका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी हेली एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

३४. सरुवा रोग, पानीजन्य रोग, मधुमेह, रक्तचाप, हृदयघात जस्ता रोगबाट बच्ने उपायका बारेमा श्रव्य तथा दृष्य सामाग्रीहरु तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।

३५. स्वास्थ्यकर्मीहरुको सीप र दक्षता अभिबृद्धि गर्नका लागि आवश्यक क्षमता विकास कार्यक्रम तथा तालिमको व्यवस्था गरिनेछ । स्थानीयस्तरमा स्थानीय जडिबुटीको प्रयोगद्वारा परम्परागत रुपमा उपचार गरिने आम्ची पद्धतिलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

युवा तथा खेलकुद

३६. युवा क्लवहरुलाई गाउँपालिकामा दर्ता तथा नविकरण गर्नका लागि उत्प्रेरणा जगाई क्लवहरुको संस्थागत विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३७. आर्थिक रुपमा अति विपन्न र अपाङ्गता भएका युवायुवती सङ्घीय, प्रादेशिक सरकार र अन्य विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरी सीपमुलक तालिम दिईनेछ ।

३८. प्रत्येक वडामा खेलकुद मैदानको निर्माण तथा गाउँपालिका स्तरमा कभर्डहलको निर्माण गरी खेलकुद सामग्री उपलब्ध गराउने कार्यलाई नमुनाको रुपमा अगाडी बढाउनेछ । युवाहरुलाई खेलकुद तर्फ आकर्षित गराउन वडा र गाउँपालिका तहमा तथा अन्तर विद्यालय स्तर वार्षिक रुपमा खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

३९. " स्वास्थ्यका लागि खेलकुद " भन्ने नारालाई आत्मासाथ गर्दै गाउँपालिकाभित्र आगामी आर्थिक वर्षमा अध्यक्ष कप खेलकुद कार्यक्रमको आयोजना गरी सञ्चालन गरिनेछ ।

४०. गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा सङ्घीय स्तरमा आयोजना हुने खेलकुदमा भाग लिन लगाई उत्कृष्टता हासिल गरी पदक प्राप्त गरेमा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

४१. समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरी समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई अवलम्वन गरिनेछ ।

४२. आपत्कालिन तथा अन्य विपद्जन्य व्यवस्थापन सम्वन्धि योजना/कार्यक्रममा एकल महिला, दलित, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, अति गरिब आदि जस्ता वर्ग तथा समुदायको थप जोखिमको न्युनीकरण र सम्वोधन गरिनेछ ।

४३. नागरिकहरुको गुनासो सुन्न तथा गुनासो समाधान गर्नाका लागि जनतासँग अध्यक्ष कार्यक्रम आगामी आर्थिक वर्षमा सञ्चालन गरिनेछ।

४४. अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र संवर्द्धन गरिनेछ ।

४५. अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघ संस्थाहरुसँग सहकार्य तथा सहलगानी गरिनेछ ।

४६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा न्यून जीवनस्तर भएका र आर्थिक रुपमा अति विपन्न तथा संकटमा परेका घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४७. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, एकल महिला, आदिवासी जनजाती र आर्थिक रुपमा विपन्न परिवारको पहिचान गरी क्षमता विकास, जनचेतना अभिवृद्धि, अधिकारमा आधारित तालिम लगायतका सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

४८. गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी जेसी अडिटबाट सुधारका लागि तयार भएको कार्ययोजनानुसार कार्य अगाडी बढाईनेछ ।

४९. महिलाहरुको स्वावलम्बन तथा आर्थिक रुपमा सबल गराउन, गाउँपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै महिलाहरुको समग्र पक्षको विकास गर्न उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम आगामी आर्थिक वर्षमा सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

५०. गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति र प्रत्येक वडामा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन गरी खानेपानी तथा सरसफाईका कार्यहरु सोही समिति मार्फत अगाडी बढाइ प्रदुषणमुक्त चुमनुब्रीको अवधारणालाई अगाडि बढाइनेछ ।

५१. चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजना अनुसार खानेपानी नपुगेका वस्तीहरुमा नयाँ खानेपानी निर्माण गर्ने, मर्मत गर्नुपर्ने योजनाहरु मर्मत गर्ने कार्यका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदारहरुसँग सहकार्य गरी एक घर एक धाराको अवधारणा अनुरुप निर्माण गरिनेछ ।

५२. विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, प्रसुति गृह, सरकारी कार्यालय आदिमा व्यवस्थित पानीसहितको महिला, अपाङ्ग र बालमैत्री शौंचालय निर्माण गरी नियमित सरसफाईको व्यवस्था गरिनेछ ।

५३. घर टोल सफा राख्न र उत्सर्जित फोहोरको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै आवश्यकताअनुसार सार्वजनिक शौंचालयको निर्माण गरी समुदायलाई व्यवस्थापनको जिम्मा दिईनेछ ।

## पूर्वाधार विकास

५४. कुनै पनि क्षेत्रको समष्टिगत विकासको आधार संस्थागत विकास पहिलो प्राथमिकतामा हुने भएकाले गाउँपालिकाको बहुउपयोगी प्रशासकीय भवन निर्माण गरिनेछ । यसका लागि गाउँपालिकाको बजेट र संघ तथा प्रदेश सकारसँग आवश्यक समन्वय गरी थप बजेटको व्यवस्था गरिनेछ ।

५५. चुमनुब्री गाउँपालिकाको पर्यटकीय, सामाजिक सांस्कृतिक महत्व लगायतका क्षेत्रगत आयोजनाहरुको योजना बैंक बनाई सबै आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन DPR

तयार गरी गौरवका आयोजनाहरुलाई वहुवर्षीय आयोजनाको रुपमा लगानी गरिनेछ। उक्त आयोजना निर्माणका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

५६. गाउँपालिकामा मर्मतसम्भार कोषको स्थापना गरी थोरै रकममा मर्मत गरी पुन संचालनमा आउने पुर्वाधारहरुको अबिलम्ब मर्मतसम्भारको कार्य अगाडी बढाईनेछ ।

५७. निर्माणाधिन वेनीघाट लार्के लोकमार्गसँग गाउँपालिका केन्द्र र सबै वडाहरुलाई जोड्न आवश्यक पर्ने बजेट लागि गरी संघ, प्रदेश सरकार तथा विकास साझेदारहरुसँग आवश्यक पहल गरिनेछ ।

५८. वडा, वस्ती, मेलापात, धार्मिक तथा पर्यटकीय स्थल जोड्ने गोरेटो तथा घोडेटो बाटोको मर्मत तथा स्तरोन्नति गर्ने कार्य गरिनेछ भने सडक प्रभावित क्षेत्रमा वैकल्पिक पदमार्गको विकास र निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

५९. बहुउद्देशीय सामुदायिक भवनहरु निर्माण गरी निर्माण भएका भवनहरुबाट वस्तीहरुमा एकिकृत सेवा प्रवाह गरिनेछ। यस्ता संरचनाहरु निर्माण गर्दा महिला, जेष्ठ नागरिक, बालबालिका र अपाङ्गमैत्री बनाईनेछ ।

६०. कादुरी एग्रिकल्चरल एड एशोसियन सँग सहकार्य गरी विद्युत नपुगेका ठाउँमा लघु जलविद्युत आयोजनाहरु निर्माण गरिनेछ भने लघु जलविद्युत पुग्न नसकेको ठाउँमा बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

६१. ल्याण्डलाईन सेवा विस्तार, मोबाईल नेटवर्क र इन्टरनेटको क्षमता अभिवृद्धिका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। सुचना तथा संचार प्रविधिहरुको प्रयोगमा बढावा दिई प्रविधि मैत्री गाउँपालिकाको रुपमा विकसित गर्दै लगिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

६२. चुमनुव्री गाउँपालिकाभित्र अविरल वर्षाका कारण विस्थापित भएका परिवार विशेष गरी सल्लेरी, जगत लगायतका स्थानीय वासिहरुको आर्थिक तथा भौतिक रुपमा पुन स्थापना गरी दैनिक जिविकोपार्जनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

६३. भौगोलिक रुपमा विकट रहेको यस गाउँपालिकाका सम्पूर्ण वस्तीहरु बुढिगण्डकी नदी छेउछाउमा बसोवास रहेको अवस्थामा वर्षात्‌को समयमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपका कारणबाट धनजनको क्षति हुन नदिन तथा भूसंरक्षण र पर्यावरणको संरक्षण संवर्द्धन गर्न भौगर्भिक अध्ययन तथा एकिकृत नमुना बस्ती विकासका लागि आवश्यक पहल गरिनेछ ।

६४. वनजंगल, जलाधार एवं जैविक विविधताको विकास र संरक्षणका लागि वन क्षेत्रमा वृक्षारोपण गर्ने, पहिरो नियन्त्रणका लागि ग्यावीन जाली लगाउने र खोला तथा नदी किनारामा तटबन्ध लगाउने कार्य मनास्लु संरक्षण क्षेत्र आयोजनाको सहकार्यमा गरिनेछ ।

६५. चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण, जलाधार क्षेत्र, पानीका श्रोतहरुको संरक्षणमा समुदायको सहभागीता बढाई जैविक विविधता संरक्षण गरिनेछ ।

६६. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्द व्यवस्थापन कोषको रकममा वृद्धि गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास

६७. गाउँपालिका भित्रका भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक, संस्थागत, लैङ्गिक लगायतका विषयक्षेत्रका खण्डीकृत तथ्याङ्क एकिकृत गरी सुचना तथा अभिलेख राखिनुका साथै वार्षिक रुपमा गाउँपालिकाको वस्तुगत विवरण अद्यावधिक गरिनेछ ।

६८. गाउँपालिकाको आन्तरिक आय वृद्धि गरी स्थानीय तहलाई संविधानले प्रदत्त गरेको स्वायतत्ता कायम गर्न र खर्च गर्ने अवस्था सिर्जना गर्न वडास्तरमा राजस्व सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी आन्तरिक आय वृद्धि गर्न करदाताहरुलाई उत्प्रेरित गरिनेछ ।

६९. सार्वजनिक खरिद प्रणालीलाई पारदर्शि बनाई अपेक्षित विकास नीतिलाई सारभूत रुपमा प्रभावकारी बनाउन कर्मचारी तथा सम्वद्ध पक्षलाई विद्युतिय खरिद प्रणाली र भौगोलिक सूचना प्रणाली सम्बन्धी क्षमता विकास तालिम संचालन गरिनेछ ।

७०. चुमनुब्री गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु थप व्यवस्थित बनाउनका लागि वडा नं. ३ फिलिम र वडा नं. ४ प्रोकमा आधुनिक सुविधासम्पन्न प्रशासकीय भवन निर्माण गरिनेछ ।

७१. हालसम्म भएका योजना तथा कार्यक्रमहरुको प्रगति, लागत लगायतका विषयमा थप प्रभावकारीता ल्याउन आगामी आर्थिक वर्षदेखि गाउँपालिकाबाट संचलान गरिने योजनाहरु मध्ये १० लाख वा सो भन्दा माथिका सम्पूर्ण योजना र प्राविधिक विशेषज्ञता आवश्यक पर्ने सबै योजनाहरु ठेक्का प्रणालीबाट सञ्चालन गरिनेछ ।

७२. गाउँपालिकाभित्र रहेका सम्पूर्ण वडा कार्यालयहरु, गाउँपालिकाका स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरुमा आवश्यकता र औचित्यताका आधारमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

७३. भौगोलिक रुपमा विकट रहेको यस चुमनुब्री गाउँपालिकाको कामको शिलशिलामा कर्मचारी तथा पदाधिकारीहरु घाइते भएमा उहाँहरुको आपतकालिन उद्दार, राहत र पुनर्स्थापनाको लागि आवश्यक व्यवस्था गरिनेछ ।

७४. " दिगो विकास, अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को परिकल्पना सहित तयार भएको चुमनुब्री गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्नका लागि सोही अनुरुप वार्षिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

७५. न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि आवश्यक क्षमता अभिवृद्धि गर्नुका साथै समुदायमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी एवं प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार मौजुदा ऐन, नियम, कानुन र कार्यविधिहरुलाई परिमार्जन गर्दै नयाँ ऐन, नियम, कानुन र कार्यविधिहरुको तर्जुमा गर्दै लगिनेछ ।

७७. कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन पद्धतीलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेहि हुन उत्प्रेरित गरिनेछ । उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कार सहित सम्मान गरिनेछ ।

७८. आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढीकरण गर्दै बेरुजुको दरलाई घटाउदै लगिनेछ । बेरुजुको विवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ ।

७९. गाउँपालिकालाई आवश्यक पर्ने प्राविधिक जनशक्ति करार सेवामा भर्ना गरी सेवा करार लिने पद्धतीलाई अवलम्वन गरिनेछ ।

८०. गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरिक अभिमत सर्भेक्षण, सेवाको सन्तुष्टि सर्भेक्षण जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८१. गाउँपालिकाको वस्तुगत विवरण, प्रथम आवधिक योजना, ऐन, कानुन, सभाका निर्णयहरु, कार्यक्रम, योजना तथा बजेट, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, स्थानीय राजपत्र, लेखा परिक्षण प्रतिवेदन र आयोजना तथा परियोजनाको विवरण वेवसाईडमा नियमित रुपमा अध्यावधिक गरिनेछ ।

८२. चुमनुव्री गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सिप, अनुभव पुस्तान्तरण गर्न र उहाँहरुलाई परिवारबाट गरिने व्यवहारमा थप सम्मान माया ममता अभिवृद्धि गर्ने हेतुले अध्यक्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

८३. जनप्रतिनिधि तथा कर्मचारीहरुको सिकाई क्षमता अभिवृद्धिका लागि अन्तर स्थानीय तह अध्ययन भ्रमणको व्यवस्था गरी सेवा प्रवाहमा थप सुधार गर्न पहल गरिनेछ ।

८४. गाउँपालिकाभित्र कार्यरत सम्पुर्ण गैर सरकारी संस्थाहरुको सुचीकरण गरी गैरसरकारी संघ संस्थाहरुबाट संचालन गरीने कार्यक्रमहरुलाई गाउँपालिकाको स्वीकृति एवं समन्वयमा कार्यान्वयन गर्ने र वर्षमा कम्तीमा २ पटक गाउँपालिका समक्ष प्रगति समिक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

८५. गाउँपालिका भित्र रहेका युवा क्लव, आमा समुह, कृषक समुह, महिला संजाल तथा बाल संजाल, जेष्ठ नागरिक संजाल र स्थानीय सामुदायिक संस्थाहरुको दर्ता गर्ने अभिलेख राखे तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

८६. सार्वजनिक सेवा प्रवाहमा थप चुस्तदुरुस्त कायम राख्नका लागि गाउँपालिकाका सम्पूर्ण वाड कार्यालयहरुलाई संचालन खर्च (संचार,मसलन्द समेत) को व्यवस्था गरिनेछ ।

८७. चुमनुव्री गाउँपालिका विभिन्न जाति, भाषा र समुदायको साझा घर हो । यसको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि विशेष क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

८८. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय,राजनीतिक दलहरु,संघ संस्थाहरु,निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु ।

अन्त्यमा,

गाउंपालिकाको समग्र विकास र समृद्धिमा योगदान पुऱ्याउने समस्त चुमनुब्रीबासी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरीक समाज, सामाजिक अभियन्ता, युवा क्लव, आमा समूह, आमसञ्चार लगायतका सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ।

निमा लामा

अध्यक्ष